निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

# पर्यवेक्षण संस्थाका लागि अभिमुखीकरण कार्यक्रम

२०७९ वैशाख १४ गते बुधबार
काठमाण्डौ

# स्थानीय तह सदस्य निर्वाचन, २०७९ का मुख्य कार्यक्रमहरू र त्यसको पर्यवेक्षण

शाखा अधिकृत छविकिरण पौडेल

# स्थानीय तह सदस्य निर्वाचन,२०७९ आयोगको तयारी


- **निर्वाचन घोषणा मिति २०७८ माघ २४ मा**
- **निर्वाचन** २०७९ वैशाख ३० गते
- विहान ७ :00 बजेदेखि अपरान्ह ५ :00 बजेसम्म
- २०७९ वैशाख २९ गतेसम्म अठार वर्ष उमेर पूरा भई अन्तिम मतदाता नामावलीमा नाम भएका



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह सदस्य निर्वाचन,२०७९ आयोगको तयारी

- स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने राजनीतिक दलहरु ७९
- स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निम्ति मतपत्रको ढाँचा स्वीकृत गरी मतपत्र छपाई गरिएको छ ।



# स्थानीय तह सदस्य निर्वाचन,२०७९ आयोगको तयारी

- **मतपत्रमा**

१ राष्ट्रिय मान्यता प्राप्त दलको निर्वाचन चिन्ह

२ जिल्लामा संगठनात्मक संरचना भएका दलको निर्वाचन चिन्ह

३ स्वतन्त्र निर्वाचन चिन्ह




२३ समूहका ७७ प्रकार (६ वटा महानगर बाहेक)

७५३ निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी हुने क्रम जारी छ।

# निर्वाचन तयारी तथा व्यवस्थापन

- कार्यालय स्थापना: २०७९ वैशाख ८
- जनशक्ति व्यवस्थापन: निर्देशिका वमोजिम
- राजनीतिक दलसँग छलफल तथा अन्तरक्रिया
- सहायक निर्वाचन अधिकृतलाई अनुगमन अधिकृतको रुपमा तोकिने,
- निर्वाचन आचार संहिता,२०७८ चैत्र २५ बाट लागू भएको ।
- निर्वाचन कार्यक्रम २०७९ वैशाख ११ देखि १७ सम्म

# निर्वाचन कार्यक्रम

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह सदस्य निर्वाचन कार्यक्रम

| क्र.स. | क्रियाकलाप | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्रदर्ता गर्ने | २०७९/०१/११ | २०७९/०१/१२ | १०.०० | १७.00 | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयनपत्रदर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/०१/१२ | | १७.00 | १८.00 | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमाउजुरी दिने | २०७९/०१/१३ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र जाँच गर्ने र उजुरी उपर जाँचबुझ गरी निर्णयगर्ने | २०७९/०१/१४ | २०७९/०१/१५ | १०.०० | १७.०० | ऐ.ऐ. | २०७9/01/14 गते १०.०० बजेदेखि २०७9/01/15 गते १७.०० बजेसम्म |
| ५ | मनोनयनभएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०१/१५ | | १७.०० | १८.00 | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०७९/०१/१६ | | १०.०० | १७.00 | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिमनामावली प्रकाशन गर्ने | २०७९/०१/१६ | | १७.00 | १८.00 | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्हप्रदान गर्ने | २०७९/०१/१७ | | १०.00 | १७.00 | ऐ.ऐ. | |
| ९ | मतदान | २०७९/०१/३० | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

☞ *मौन अवधि मतदान शुरु हुनभन्दा ४८ घण्टा अगाडि (२०७९ बैशाख २७ गते राती १२.00 बजेदेखि) बाट लागू हुनेछ ।*

☞ *प्रत्येक मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतले सुरक्षितरूपमा प्राप्त गरेपछि मतगणनाकार्य शुरू गर्नु पर्नेछ ।*

☞ *मतगणनाकार्य समाप्त भएपछि निर्वाचन अधिकृतले तत्कालै निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ ।*


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन कार्यक्रम

| | |
|---|---|
| • मनोनयनपत्र दर्ता | वैशाख ११ र १२ |
| • मनोनयन दर्ता भएको उम्मेदवारको सूची प्रकाशन | वैशाख १२ गते ५ बजेपछि |
| • उम्मेदवारको विरोधमा उजुरी दिने | वैशाख १३ |
| • मनोनयनपत्र जाँच र उजुरी उपर जाँचबुझ | वैशाख १४ र १५ |
| • मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन | वैशाख १५ गते ५ बजेपछि |
| • नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन | वैशाख १६ |
| • निर्वाचन चिन्ह प्रदान | वैशाख १७ |

# स्थानीय तह निर्वाचन सम्बन्धी कानूनी व्यवस्था

- नेपालको संविधान,
- निर्वाचन आयोग ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- निर्वाचन आचार संहिता, २०७८
- नियमावलीहरु
- निर्देशिकाहरु
- निर्वाचन अनुगमन निर्देशिका २०७८ लगायतका निर्देशिकाहरु स्वीकृत गरेको



# स्थानीय तह निर्वाचन निर्देशिका, २०७८

# जनशक्ति सम्बन्धमा

- मुख्य तथा निर्वाचन अधिकृतको नियुक्ति एवम् काम, कर्तव्य र अधिकार,
- मनोनयनपत्र जाँच गर्ने, मनोनयनपत्र सदर, बदर वा खारेज गर्ने, मत सदर वा बदर गर्ने तथा निर्वाचन परिणाम घोषणा गर्ने अधिकार निर्वाचन अधिकृतले प्रत्यायोजन गर्न नसकिने,
- मुख्य निर्वाचन अधिकृतले जनशक्ति व्यवस्थापन निर्देशिका बमोजिम मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारी नियुक्त गर्नु पर्ने,

# क्रमशः

- नगरपालिकाको मतदान केन्द्रमा सामान्यतया: अधिकृत दशौं, नवौं, आठौं वा सातौं तह वा राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणी वा सो सरहको कर्मचारीलाई मतदान अधिकृत नियुक्त गर्नुपर्ने,
- गाउँपालिकाको मतदान केन्द्रमा सामान्यतया: अधिकृत छैठौं वा सहायक पाँचौं तह वा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई मतदान अधिकृत नियुक्त गर्नुपर्ने,

# क्रमशः

- सम्बन्धित तह वा श्रेणीको कर्मचारीको सङ्ख्या नपुग भएको अवस्थामा सोभन्दा एक तह वा श्रेणी मुनिको कर्मचारीलाई मतदान अधिकृत नियुक्ति गर्न सकिने,
- नियुक्ति पत्र बुझ्दा मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीले निर्वाचन आचार संहिता, २०७८ बमोजिम प्रतिबद्धतापत्रमा हस्ताक्षर गरी मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृत र अन्य कर्मचारीले निर्वाचन अधिकृतलाई सो प्रतिबद्धतापत्र बुझाउनु पर्ने ।

# वैशाख ८ २०७९ निर्वाचन अधिकृत को कार्यालयहरुको स्थापना



# मतदाता परिचय पत्र सम्बन्धी

- आयोगले तयार गरी,
- निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गराउने,
- निर्वाचन कार्यालयले मतदान अधिकृतलाइ उपलब्ध गराउने ।
- मतदाताले वैशाख २७ र २८ मा आफ्नो मतदान स्थल मा गएर लिने ।

# देशभर १० हजार ७५६ मतदान स्थल र २१ हजार ९ सय ५५ मतदान केन्द्र रहनेछन् ।

## प्रदेशअनुसार मतदाता (२०७९ वैशाख २९ गते सम्म १८ वर्ष पूरा भएका) मतदान स्थल र मतदान केन्द्र सङ्ख्या

| कर्णाली प्रदेश | |
|---|---|
| पुरूष | ५०६१८० |
| महिला | ४९५०९९ |
| अन्य | ३ |
| जम्मा | १००१२८२ |
| मतदान स्थल | ९०७ |
| मतदान केन्द्र | १३८५ |

| गण्डकी प्रदेश | |
|---|---|
| पुरूष | ८६४४५२ |
| महिला | ९२४९४८ |
| अन्य | ११ |
| जम्मा | १७८९४११ |
| मतदान स्थल | १२५३ |
| मतदान केन्द्र | २३०० |

| बागमती प्रदेश | |
|---|---|
| पुरूष | १७०४८९८ |
| महिला | १७०७९४२ |
| अन्य | २९ |
| जम्मा | ३४१२८६९ |
| मतदान स्थल | १७९२ |
| मतदान केन्द्र | ४०९५ |

| सुदूरपश्चिम प्रदेश | |
|---|---|
| पुरूष | ८००६६२ |
| महिला | ८३१४७० |
| अन्य | १८ |
| जम्मा | १६३२१५० |
| मतदान स्थल | ११३५ |
| मतदान केन्द्र | २१०३ |



| प्रदेश नं. १ | |
|---|---|
| पुरूष | १६९९८०० |
| महिला | १६४७५६१ |
| अन्य | २३ |
| जम्मा | ३३४७३८४ |
| मतदान स्थल | १८७७ |
| मतदान केन्द्र | ४०५१ |

| लुम्बिनी प्रदेश | |
|---|---|
| पुरूष | १६१८०७३ |
| महिला | १६०१३५२ |
| अन्य | ३२ |
| जम्मा | ३२१९४५७ |
| मतदान स्थल | १६२९ |
| मतदान केन्द्र | ३८३२ |

| मधेश प्रदेश | |
|---|---|
| पुरूष | १७९७९४५ |
| महिला | १५३३१५८ |
| अन्य | ६७ |
| जम्मा | ३३३११७० |
| मतदान स्थल | २१६३ |
| मतदान केन्द्र | ४१८९ |

# उम्मेदवारका लागि योग्यता

- नेपाली नागरिक,
- २१ वर्ष उमेर पूरा भएको, र
- गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको,
- कुनै कानुनले अयोग्य नभएको ।
- सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश

# उम्मेदवारका लागि अयोग्यता

- आवश्यक योग्यता नभएको,
- गैर नेपाली नागरिक,
- नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
- कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

# उम्मेदवारका लागि अयोग्यता

- निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,
- भ्रष्टाचार, जबरजस्ती करणी,मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

# उम्मेदवारका लागि अयोग्यता

- सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
- जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,
- अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

# उम्मेदवारका लागि अयोग्यता

- प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,
- कैदमा बसेकोमा कैद बसेको अवधिभर,
- मानसिक सन्तुलन ठीक नभएको,
- संविधानको धारा २९१ बमोजिम विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको,

# उम्मेदवारका लागि अयोग्यता

- कुनै लाभको पद धारण गरेको,
- प्रचलित कानूनले अयोग्य भएको ।
- प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम कायम रहेको ।

# उम्मेदवारको प्रस्तावक र समर्थक

- मनोनयनपत्र दर्ता गर्ने मिति सम्ममा अठार वर्ष उमेर पूरा भएको देहाय बमोजिमको एकजना मतदाता प्रस्तावक र अर्को एक जना मतदाता समर्थक हुनुपर्ने
  - वडा अध्यक्ष र वडा सदस्यको लागि सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति,
  - अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति,
  - गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य,
  - जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको लागि सम्बन्धित जिल्ला सभाको सदस्य ।

# उम्मेदवारको प्रस्तावक र समर्थक

- प्रस्तावक र समर्थकले मनोनयन पत्रमा आफ्नो मतदाता सम्बन्धी विवरण खोली सहीछाप समेत गर्नुपर्ने,
- एकजना उम्मेदवारलाई बढीमा अलग-अलग दुईवटा मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिने,
- मनोनयन पत्र दाखिला गर्दा सम्बन्धित उम्मेदवारले गरेको स्वघोषणा समेत पेश गर्नुपर्ने,
- स्वघोषणा गलत प्रमाणित भएमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित उम्मेदवारको हुने ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

## उम्मेदवारले राख्नु पर्ने धरौटी

| | |
|---|---|
| वडा सदस्य | रू ५०० |
| वडा अध्यक्ष | रू १,००० |
| अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख | रू १,५०० |

**नोट**

महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले बिपन्न व्यक्तिको हकमा धरौटीमा ५०% छुट।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन : कति पदमा हुँदै छ चुनाव ?

| | |
|---|---|
| महानगर प्रमुख : | ६ |
| महानगर उपप्रमुख: | ६ |
| उपमहानगरपालिका प्रमुख | ११ |
| उपमहानगरपालिका उपप्रमुख | ११ |
| नगरपालिका प्रमुख | २७६ |
| नगरपालिका उपप्रमुख | २७६ |
| गाउँपालिका अध्यक्ष | ४६० |
| गाउँपालिका उपाध्यक्ष | ४६० |
| वडा अध्यक्ष | ६,७४३ |
| वडा महिला सदस्य | ६,७४३ |
| वडा दलित महिला सदस्य | ६,७४३ |
| अन्य वडा सदस्य | १३,४८६ |



**जम्मा पद : ३५,२२१**

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मनोनयनपत्र दाखिला सम्बन्धमा

- मनोनीत उम्मेदवार, प्रस्तावक र समर्थकको सहीछाप भएको हुनु पर्ने,
- प्रस्तावक वा समर्थक दोहोरिन नहुने,
- मनोनीत उम्मेदवार स्वयं अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन नहुने,
- दलको उम्मेदवारको हकमा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख मध्ये पचास प्रतिशत महिला उम्मेदवार हुनु पर्ने,

# मनोनयनपत्र साथ पेश गर्नुपर्ने कागजात वा विवरण

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- वडा अध्यक्ष र वडा सदस्य पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- दलित महिला वडा सदस्य पदको लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मनोनयनपत्र साथ पेश गर्नुपर्ने कागजात वा विवरण

- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा,
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

# मनोनयनपत्र साथ पेश गर्नुपर्ने कागजात वा विवरण

- जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा,
- धरौटी राखेको बैंक भौचर वा नगदी रसिद,
- दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको औपचारिक पत्र,
- उम्मेदवारी दिँदा नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्था वा कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजिनामा दिएको निस्सा,
- निर्वाचन आचारसंहिता, २०७८ को बमोजिमको प्रतिबद्धतापत्र ।
- स्वघोषणा,

# मनोनयनपत्र बदर हुने

- संविधान, ऐन र निर्देशिका बमोजिम उम्मेदवारको योग्यता नभएमा,
- उम्मेदवार अयोग्य भएमा,
- उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निजको वा निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,
- मनोनयनपत्र दर्ता गर्न तोकिएको समयभित्र मनोनयनपत्र दाखिला नभएमा,
- तोकिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,
- तोकिए बमोजिमको धरौटी नराखेमा,
- तोकिएको कार्यविधि पूरा नगरेमा ।

# निर्वाचन चिन्ह प्रदान गर्ने

- राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई सम्बन्धित दलले प्राप्त गरेको निर्वाचन चिन्ह प्रदान गरिने,
- मतपत्रमा निर्वाचन चिन्ह समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिने,
- राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेका दल मध्ये निर्वाचन कार्यालयमा सम्बन्धित जिल्लाको सङ्गठनात्मक संरचना रहेको विवरण पेश गर्ने दलका जिल्लाका उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिन्ह प्रदान गरिने, त्यस्तो निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिने ।

# निर्वाचन चिन्ह प्रदान गर्ने

- प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ सहभागी नभएको दलको हकमा त्यस्तो दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा मतपत्रमा निर्वाचन चिन्ह समावेश गरिने,
- आयोगले तोकेको अवधि भित्र निर्वाचन कार्यालयमा सङ्गठनात्मक संरचनात्मक रहेको विवरण पेश नगरेको जिल्लामा त्यस्तो दलका उम्मेदवारलाई स्वतन्त्र निर्वाचन चिन्ह मध्येबाट निर्वाचन चिन्ह प्रदान गरिने,
- मतपत्रमा स्वतन्त्र निर्वाचन चिन्ह व्यवस्था गर्दा अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र अन्य वडा सदस्यको लागि एउटै लहरमा एउटै चिन्ह रहने गरी व्यवस्था गरिने,
- अन्य दुई जना वडा सदस्यको हकमा पहिलो कोठामा एउटा चिन्ह र दोस्रो कोठामा दुई वटा चिन्ह राखिने,

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन चिन्ह प्रदान गर्ने

- स्वतन्त्र निर्वाचन चिन्ह मध्येबाट निर्वाचन चिन्ह प्रदान गर्दा देहायको क्रमको उम्मेदवारलाई क्रमशः रोज्न लगाई प्रदान गरिने
  - तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतको आधारमा बढी मत प्राप्त गर्ने दलका उम्मेदवारलाई,
  - तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग नलिएको दल स्थानीय तहको निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा पहिले दर्ता भएको दलका उम्मेदवारलाई ।
- स्वतन्त्र निर्वाचन चिन्ह मध्येबाट निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्तो दलको तर्फबाट अध्यक्ष वा प्रमुख पदको उम्मेदवार वा निजको प्रतिनिधिलाई चिन्ह रोज्न लगाई प्रदान गरिने र सो दलको तर्फबाट त्यस्तो गाउँपालिका वा नगरपालिकाको अन्य पदका उम्मेदवारलाई समेत सोही चिन्ह प्रदान गरिने,
  - अन्य दुई वडा सदस्य पदका उम्मेदवारको हकमा नामको वर्णानुक्रमको आधारमा क्रमशः एउटा चिन्ह भएको र दुईवटा चिन्ह भएको निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

# निर्वाचन चिन्ह प्रदान गर्ने

- स्वतन्त्र निर्वाचन चिन्ह मध्येबाट निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्तो दलको अध्यक्ष वा प्रमुखको उम्मेदवार नभएमा वा निर्वाचन चिन्ह वितरण गर्ने समयमा उपस्थित नभएमा उपाध्यक्ष वा उपप्रमुखलाई, उपाध्यक्ष वा उपप्रमुखको उम्मेदवार समेत नभएमा वा निर्वाचन चिन्ह वितरण गर्ने समयमा उपस्थित नभएमा कुनै वडाको वडाध्यक्षको उम्मेदवारलाई र वडाध्यक्षको उम्मेदवार पनि उपस्थित नभएमा वा निर्वाचन चिन्ह प्रदान गर्ने समयमा उपस्थित नभएमा कुनै वडाको वडा सदस्यको उम्मेदवारलाई रोज्न लगाई निर्वाचन चिन्ह प्रदान गरिने र सो दलका अन्य पदका उम्मेदवारलाई समेत सोही निर्वाचन चिन्ह प्रदान गरिने,
- तर कुनै दलको कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित भएका उम्मेदवार वा निजको प्रतिनिधिले रोजेर बाँकी रहेको चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नु पर्ने,

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन चिन्ह प्रदान


- राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेका दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि स्वतन्त्र रुपमा खडा भएका अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र अन्य वडा सदस्यको उम्मेदवारलाई निर्वाचन चिन्ह मध्येबाट क्रमश: निर्वाचन चिन्ह प्रदान गर्नु पर्ने,
- निर्वाचन चिन्ह प्रदान गर्दा उम्मेदवार वा निजको प्रतिनिधिलाई चिन्ह रोज्न लगाई निजहरुको रोहवरमा प्रदान गर्नु पर्ने,
- एकभन्दा बढी उम्मेदवारले एउटै चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्ने,
- कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित भएका उम्मेदवार वा निजको प्रतिनिधिले रोजेर बाँकी रहेको चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नु पर्ने,
- कुनै दलले निर्वाचनमा उम्मेदवार मनोनीत नगरेको अवस्थामा समेत सो दललाई प्रदान गरिएको निर्वाचन चिन्ह अन्य उम्मेदवारलाई प्रदान नगरिने ।

# निर्वाचन चिन्ह प्रदान

- निर्वाचन चिन्ह प्रदान गर्दा अनुसूची-२७ बमोजिमको चिन्ह मध्ये आयोगले सम्बन्धित जिल्लाको मतपत्रमा व्यवस्था गर्ने गरी निर्धारण गरेको लहरसम्मको निर्वाचन चिन्हबाट रोज्न लगाउनु पर्ने,
- स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेको दलको तर्फबाट सम्बन्धित स्थानीय तहको कुनै पदको उम्मेदवारले पाएको चिन्ह सो स्थानीय तहमा अन्य पदको उम्मेदवारलाई प्रदान नगरिने,
    - तर सम्बन्धित जिल्लाको लागि निर्धारण गरेको अन्य निर्वाचन चिन्हबाट नपुग हुने अवस्थामा त्यस्तो कुनै दलको तर्फबाट उम्मेदवार नभएको कुनै पदको चिन्ह स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्न सकिने,
- सम्बन्धित जिल्लाको लागि निर्धारण गरिएको निर्वाचन चिन्ह भन्दा बढी उम्मेदवार भई सबै उम्मेदवारलाई निर्वाचन चिन्ह वितरण गर्न नसकिने भएमा निर्वाचन अधिकृतले आयोगमा सम्पर्क गरी आयोगको निर्देशन बमोजिमको निर्वाचन चिन्ह मध्येबाट निर्वाचन चिन्ह वितरण गर्नु पर्ने,
- निर्वाचन चिन्ह प्रदान गरिसके पछि निर्वाचन अधिकृतले सोको विवरण यथाशीघ्र मुख्य निर्वाचन अधिकृत र आयोगलाई उपलब्ध गराउनु पर्ने ।

# स्थानीय तह सदस्य निर्वाचन २०७९ खर्च सीमा

| | | |
|---|---|---|
| महानगर | मेयर/उपमेयर | ७ लाख ५० हजार |
| | वडाध्यक्ष/सदस्य | ३ लाख |
| उपमहानगर | मेयर/उपमेयर | ५ लाख ५० हजार |
| | वडाध्यक्ष/सदस्य | २ लाख ५० हजार |
| नगरपालिका | मेयर/उपमेयर | ४ लाख ५० हजार |
| | वडाध्यक्ष/सदस्य | २ लाख |
| गाउँपालिका | अध्यक्ष/उपाध्यक्ष | ३ लाख ५० हजार |
| | वडाध्यक्ष/सदस्य | १ लाख ५० हजार |
| जिसस | प्रमुख/उपप्रमुख | ५० हजार |
| | सदस्य | २५ हजार |
| कार्यपालिका | सदस्य | २५ हजार |



- निर्वाचन प्रचार प्रसार चैत्र १७ देखि २७ सम्म

(२०७९/०१ /२७ मङ्गलबार राति १२ बजे पश्चात मौन अवधि प्रारम्भ

- यस मौन आबधिमा कुनै पनि प्रकारका प्रचारप्रसार गर्न निषेध छ
- मौन अवधि-निर्वाचन भन्दा ४८ घण्टा अगाडी (यस मौन आबधिमा कुनै पनि प्रकारका प्रचारप्रसार गर्न निषेध छ ।

# प्रतिवेदन आयोगमा पठाउने

- निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरेपछि त्यसको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष पठाउनु पर्ने,
- प्रतिवेदनमा देहायका कुराहरू सिलसिलेवार रुपमा खुलाउनु पर्ने:
  - मतदाता सङ्ख्या,
  - उम्मेदवारको विवरण (समावेशी समूह समेत खुल्ने गरी),
  - खसेको मत र बदर मत, उम्मेदवारले प्राप्त गरेको मत,
  - निर्वाचित उम्मेदवारको विवरण (समावेशी समूह समेत खुल्ने गरी),
  - निर्वाचनमा खटिएका कर्मचारीको विवरण,
  - निर्वाचनमा भएको खर्च विवरण,
  - निर्वाचनलाई अझ बढी स्वच्छ, निष्पक्ष एवम् पारदर्शी बनाउन निर्वाचन अधिकृतले प्रतिवेदनमा उल्लेख गर्न आवश्यक ठानेका विषय,
  - आयोगले तोके बमोजिमका अन्य विवरण ।
- सबै निर्वाचन अधिकृतबाट प्राप्त भएका प्रतिवेदन समेतका आधारमा मुख्य निर्वाचन अधिकृतले जिल्ला भरीको विवरण समावेश गरिएको एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पठाउनु पर्ने ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह सदस्य निर्वाचन, २०७९





वैशाख
३०
गते
शुक्रबार

बिहान ७ बजेदेखि
अपरान्ह ५ बजेसम्म

वैशाख
३०
गते
शुक्रवार
बिहान ७ बजेदेखि
अपरान्ह ५ बजेसम्म

# धीरताकासाथ सुनिदिनु भएकोमा






वैशाख ३० गते शुक्रवार
बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म